मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क १४९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ जेठ ३१ गते आइतबार ❑ 14 June 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## पोखराका होटल ९० प्रतिशत भरिभराउ, भारतीय पर्यटकको उल्लेख्य चहलपहल

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ



पोखरा, पछिल्लो दुई महिनायता पर्यटकीय राजधानी पोखरामा पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको छ ।

विशेषगरी भारतीय पर्यटकको बढ्दो आगमन, आन्तरिक पर्यटन गतिविधिमा आएको वृद्धि तथा लगातार सार्वजनिक बिदाको प्रभावले पोखराका अधिकांश पर्यटकीय होटलहरू यतिबेला पनि भरिभराउ भएका छन् ।

पोखरा क्षेत्रमा रहेका पर्यटकीय स्तरका होटलहरूको अकुपेन्सी हाल करिब ९० प्रतिशत पुगेको पर्यटन व्यवसायीहरुले बताउनु हुन्छ । पोखरा क्षेत्रमा एकै रातमा करिब ४० हजार बेड क्षमता रहेको उल्लेख गर्दै होटल संघ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले हाल उक्त सङ्ख्याको ९० प्रतिशत बेड भारतीय, नेपाली तथा तेस्रो मुलुकका पर्यटकले भरिएको जनाउनु भयो ।

“हाल पोखराका अधिकांश पर्यटकीय होटलहरू भरिभराउ अवस्थामा छन्। भारतीय, आन्तरिक तथा विदेशी पर्यटकको चापका कारण होटल व्यवसायमा उत्साह थपिएको छ,” सुवेदीले भन्नुभयो । भारतमा परेको बिदाका कारण भारतीय पर्यटकहरू ठूलो सङ्ख्यामा पोखरा आउने गरेका छन्। गर्मी छल्नका साथै मुक्तिनाथ र पशुपतिनाथ मन्दिर दर्शन गर्ने उद्देश्यले भारतीय पर्यटक नेपाल आउने क्रम बढेको सुवेदीले दाबी गर्नुभयो । सुवेदीका अनुसार हाल दैनिक करिब एक हजार पाँच सय भारतीय सवारी साधन पोखरा भित्रिने गरेका छन् । “सानोदेखि ठूला पर्यटकीय बस तथा निजी सवारी साधनमार्फत भारतीय पर्यटकहरू दैनिक रूपमा पोखरा भित्रिरहेका छन् । अहिले सबै प्रकारका भारतीय पर्यटकको आगमन भइरहेको छ,” उहाँले भन्नुभयो । पोखरामा हाल आगमन हुने पर्यटकमध्ये करिब ५० प्रतिशत भारतीय, ३० प्रतिशत आन्तरिक तथा २० प्रतिशत तेस्रो मुलुकका पर्यटक रहेको सुवेदीको भनाई छ । यता, पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले सरकारले लागू गरेको साताको दुई दिन सार्वजनिक बिदाको व्यवस्थाले आन्तरिक पर्यटन प्रवर्द्धनमा सकारात्मक प्रभाव पारेको बताउनु भयो । उनका अनुसार पछिल्लो समय विशेषगरी भारतीय पर्यटकको चहलपहल उल्लेख्य रूपमा बढेको छ ।

“करिब दुई महिनादेखि पोखरामा भारतीय पर्यटकको आगमन उल्लेखनीय छ । सरकारले दिएको दुई दिनको बिदाले पनि आन्तरिक पर्यटकको संख्या बढाएको छ,” पहारीले भन्नुभयो । अधिकांश भारतीय पर्यटकको पोखरा बसाइ एकदेखि दुई दिनसम्म रहने गरेको उल्लेख गर्दै पहारीले कतिपय पर्यटक पोखराबाट मुक्तिनाथ पुगेर सोही दिन फर्किने गरेका जनाउनु भयो । मुस्ताङ क्षेत्रमा होटल तथा होमस्टेको संख्या सीमित भएकाले पर्यटकको अत्यधिक चाप हुँदा व्यवस्थापनमा चुनौती समेत देखिने गरेको पहारीले बताउनु भयो । पर्यटन व्यवसायीहरूका अनुसार मनसुन सुरु हुनुअघिको यो समय पोखराका लागि दोस्रो प्रमुख पर्यटकीय याम मानिन्छ । पदयात्रा, धार्मिक पर्यटन तथा गर्मीबाट राहत खोज्ने भारतीय पर्यटकका कारण पोखराको पर्यटन बजार यतिबेला चलायमान बनेको छ । पर्यटन क्षेत्रमा देखिएको यो उत्साहले व्यवसायीहरूलाई आशावादी बनाएको छ। पोखराका पर्यटकीय गन्तव्य फेवाताल, पुम्दीकोट बिशाल महादेवको मुर्ति, विश्व शान्ति स्तुपः, सराङकोट, विन्ध्यवासिनी मन्दिर, गुप्तेश्वर गुफा, डेभिडफल्स, महेन्द्र गुफा, चमेरे गुफा, भद्रकालि मन्दिर, काहुँडाँडा, घार्मी डाँडा, फोक्सिङ डाँडा लगायतको क्षेत्रमा पर्यटक चहल पहल रहेको छ । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले नीजि क्षेत्र र वोर्डको बिषेश पहलमा गर्मी मौसममा भारत केन्द्रित कार्यक्रम चलीय पोखरा, गर्र्मीसे वेहाल चलो नेपाल, गर्मी छल्न जाउ है पोखरा लगायतका नारा सहित गरिएको प्रमोशन टुर कारणले गर्दा पनि हाल पोखरामा भारतीय पयटक आगमनमा बृद्धि भएको बताउनु भयो ।

त्यसै गरी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी मुक्तिनाथ मन्दिरमा केही समय अघि दर्शन गर्नु भएको उहाँले पछिल्लो समयमा अमेरीका र इरानमा भएको युद्ध पछि अमेरीकी डलर खर्च कम कम गर्नु भनेसंगै दुबई, थाइल्याण्ड र यूरोज जाने भारतीय पर्यटक नेपालमा खुल्ला सिमाना भएको हुदा आफ्नै सवारी साधन लियर पनि आउनेहरुको भिडभाड भएको उहाँले बताउनु भयो । केही भारतका चर्चीत भ्लगरहरु पोखरा क्षेत्रमा आई बनाएका भिडियो सामाग्रिले पर्यटकहरुलाई आकर्षण गराएको उहाँले दाबी गर्नुभयो । टान गण्डकीका अध्यक्ष कृष्ण प्रसाद आचार्यले पोखरा र पोखरा देखि माथिल्लो मुस्ताङसम्म हाल होटलहरु पाउन मुस्किल परेको अबस्था भएको बताउनु भयो । भारतमा अत्याधिक गर्मी भएसंगै विदाको अवसरमा मुत्तिनाथ मन्दिर दर्शन गर्न आएकोले भारतीय पर्यटकको आगमन उत्साहजनक रहेको बताउनु भयो। हाल अफिसजनको मौसममा पर्यटकहरुको राम्रो आगमनले गर्दा आफुहरुलाई भ्भाई नभ्याई भएको आचार्यले बताउनु भयो । केही भारतीय पर्यटकहरुले सडकमा यत्रतत्र सडकमा खाना पकाएको फोहोर गरेको बिषय उठान गर्नु भन्दा त्यसलाई व्यबस्थापनमा जोड दिन उनले आग्रह गरे ।

## रास्वपा गण्डकीको सभापतिमा नवीन त्रिपाठी निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ



सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) गण्डकी प्रदेश समिति सभापतिमा कास्कीका नवीन त्रिपाठी विजयी हुनुभएको छ । रास्वपाको शुक्रबारदेखी पोखरामा प्रथम अधिवेशन सुरु भएको थियो ।

नयाँ नेतृत्वका लागि शुक्रबार राति भएको मतदानको शनिबारबिहान सम्पन्न मतगणनामा त्रिपाठीले २३४ मत ल्याएर विजयी हुनुभएको हो । उहाँ प्रदेश समितिको निर्वतमान महामन्त्री समेत हुनुहुन्छ। सभापतिका प्रत्याशीहरू निर्वतमान सभापति एवं प्रतिनिधिसभाका सांसद राजन गौतमले १८२, माधव कँडेलले ११ र डा हरि कार्कीले २ मत प्राप्त गर्नुभयो । रास्वपाको विधानमा सभापति निर्वाचित हुन कुल मतदानको ५१ प्रतिशत मत पाउनुपर्ने व्यवस्था छ । त्रिपाठीले पहिलो चरणमै उक्त मत पाएर निर्वाचित हुनुभएको निर्वाचन समितिका संयोजक डा राम गुरुङले जानकारी दिनुभयो । अधिवेशनमा कूल ७८० प्रतिनिधी रहे पनि ४३७ जनाले मात्र मतदानमा सहभागिता जनाएका थिए । रास्वपा गण्डकी प्रदेशको सदस्यका लागि ५१ जनाले उम्मेद्वारी दिएका थिए । जसमध्येबाट विभिन्न कलस्टरसहित ३३ जना निर्वाचित हुन्छन् । ५१ आकांक्षीमध्ये क्षेत्रगत प्रदेश सदस्यका लागि २८ जना उम्मेद्वार छन् । यी २८ जनाबाट गण्डकी प्रदेशको १८ वटा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्रका १/१ जना निर्वाचित हुन्छन् । समावेशी प्रदेश सदस्यका लागि २३ जनाको उम्मेद्वारी परेको थियो । प्रदेश सदस्यका लागि ५१ आकांक्षीमध्ये १२ जना निर्विरोध निर्वाचित भएका छन् । क्षेत्रगत प्रदेश सदस्यतर्फबाट बागलुङ-१ का मीना शर्मा आचार्य, गोरखा-१ बाट मनोज गुरुङ, गोरखा-२ बाट बलबहादुर घले, लमजुङबाट विजय पराजुली, म्याग्दीबाट ताराबहादुर कार्की र तनहुँ-१ बाट सूर्यमणि पौडेल निर्विरोध निर्वाचित हुनुभएको निर्वाचन समितिले जनाएको छ ।

प्रदेश समावेशी सदस्यमा खसआर्य महिलाबाट सीताकुमारी अर्याल, कृष्णकुमारी अधिकारी (अनिशा) र राममाया बस्ताकोटी निर्विरोध निर्वाचित हुनुभएको छ । मुस्लिम महिलाबाट समिउन निशा, दलित महिलाबाट गीता विश्वकर्मा र अपाङ्गता भएका खसआर्यबाट यदुनाथ सिग्देल निर्विरोध निर्वाचित भएको जनाइएको छ । अधिवेशनको शुक्रबार पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटीले उद्घाटन गर्नुभएको थियो ।

## नेपाल र चीनका सगरमाथा आरोही बेजिङमा सम्मानित

**रासस**
काठमाडौं, ३० जेठ

चीनको राजधानी बेइजिङमा आरोही तथा सङ्घीय सांसद मिङ्मा ग्याबु शेर्पासहित नेपाल र चीन करिब ५० जना सगरमाथा आरोही सम्मानित हुनुभएको छ ।

त्रिहत्तरौँ सगरमाथा दिवसका अवसरमा यहाँस्थित नेपाली राजदूतावासले शुक्रबार साँझ आयोजना गरेको 'नेपाल-चीन सगरमाथा (माउन्ट एभरेष्ट) एड्भेन्चर फेस्टिभल'मा आरोहीहरू सम्मानित हुनुभएको

बाँकी अन्तिम पृष्ठमा ▶▶




पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१


## अनिवार्य तथा नि:शुल्क शिक्षा लागू गर्ने तयारी: कास्कीमा सरोकारवालासँग छलफल

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ



नेपाल सरकारले आगामी २०८५ साल वैशाख १ गतेदेखि देशभर अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनमा ल्याउने तयारी गरिरहेको अवस्थामा कास्कीमा सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम गरेको छ ।

शिक्षा विकास तथा समन्वय इकाइ कास्कीद्वारा पोखरामा हालै आयोजित कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधि, शिक्षा क्षेत्रका विज्ञ, शिक्षक, सञ्चारकर्मी तथा अन्य सरोकारवालाको सहभागिता रहेको थियो । कार्यक्रममा नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीतिले सुनिश्चित गरेका शैक्षिक अधिकार, राज्यका दायित्व र कार्यान्वयनका रणनीतिबारे विस्तृत छलफल गरिएको थियो । सहभागीहरूले आधारभूत तहसम्म सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने, विद्यालयबाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालयमा ल्याउने, विद्यालय नक्साङ्कन, वैकल्पिक शिक्षाको व्यवस्था तथा समावेशी र गुणस्तरीय शिक्षा प्रवर्द्धनका विषयमा धारणा राखेका थिए ।

कार्यक्रमका प्रमुख वक्ता शिक्षा विकास तथा मानव स्रोत विकास केन्द्रका पूर्व महानिर्देशक दीपक शर्माले सार्वजनिक शिक्षाको गुणस्तर सुधार नगरी निःशुल्क शिक्षाको लक्ष्य हासिल गर्न नसकिने बताए । उनले विद्यालयबाहिर रहेका बालबालिकाको व्यक्तिगत रूपमा पहिचान गरी विद्यालयमा ल्याउनु सबैभन्दा ठूलो चुनौती भएको उल्लेख गर्दै कक्षा दोहोरिने र विद्यालय छाड्ने दर शून्यमा झार्न वैकल्पिक शिक्षा प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिए ।

उनले बागमती, लुम्बिनी लगायतका प्रदेशका केही स्थानीय तहले अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा गरी सफल अभ्यास थालेको उल्लेख गर्दै ती अनुभवबाट सिक्नुपर्ने धारणा व्यक्त गरे । शिक्षा विकास तथा समन्वय इकाइ कास्कीका प्रमुख लोकनाथ आचार्यले संघीय सरकारले २०८५ सम्ममा शतप्रतिशत नागरिकलाई आधारभूत शिक्षाको पहुँचमा ल्याउने लक्ष्य राखेको जानकारी दिए । उनले विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गत सेवा क्षेत्र निर्धारण, दुई किलोमिटरभित्रका बालबालिकाको विद्यालय भर्ना सुनिश्चित गर्ने, विद्यालय नक्साङ्कन, पूर्वाधार विकास, वैकल्पिक शिक्षाको विस्तार तथा शिक्षकको क्षमता अभिवृद्धिलाई प्राथमिकतामा राखिएको बताए ।

गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका अतिरिक्त सचिव दामोदर सुवेदीले शिक्षासम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था कार्यान्वयनमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताउँदै कार्यक्रम सफल बनाउन सबै तहका सरकार र सरोकारवालाबीच प्रभावकारी समन्वय आवश्यक रहेको उल्लेखगरे।पोखरामहानगरपालिका सामाजिक विकास समितिका सदस्य श्रीकृष्ण लामिछाने, अन्नपूर्ण गाउँपालिकाका तुलसीप्रसाद अधिकारी, नेपाल शिक्षक महासंघ कास्कीका अध्यक्ष भोलानाथ पौडेल, शिक्षा अभियन्ता डिल्लीराम पौडेल, पत्रकार यदुनाथ बञ्जरा तथा सामुदायिक सिकाइ केन्द्र हेम्जाकी अध्यक्ष गंगा त्रिपाठी लगायतले पर्याप्त बजेट,

बाँकी अन्तिम पृष्ठमा ▶▶

# दोस्रो पोखरा खेलकुद महोत्सव सुरु, ११ खेल समावेश

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

पोखरा महानगरपालिका खेलकुद विकास समितिको आयोजनामा 'दोस्रो पोखरा खेलकुद महोत्सव तथा मार्सल आर्ट फेस्टिभल २०८३' शनिबारदेखि औपचारिक रूपमा सुरुवात भएको छ।




खेलकुद गतिविधिलाई थप व्यवस्थित, समावेशी तथा प्रतिभामुखी बनाउने उद्देश्यका साथ आयोजित महोत्सवको उद्घाटन पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले गरेका हुन्। उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रमुख आचार्यले खेलकुद व्यक्तिगत स्वास्थ्य, अनुशासन र समग्र व्यक्तित्व विकासको महत्वपूर्ण आधार भएको बताए। विद्यालय तहदेखि नै खेलकुदको विकास र प्रवर्द्धन गर्न सकिए भविष्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न सकिने उनको भनाइ थियो। महानगरपालिकाले खेल क्षेत्रको विकासका लागि योजनाबद्ध रूपमा कार्यक्रम सञ्चालन गरिरहेको उल्लेख गर्दै उनले चालु आर्थिक वर्षका बाँकी खेल गतिविधि सम्पन्न गर्ने क्रममा खेल महोत्सव आयोजना गरिएको र आगामी वर्ष पनि खेल क्षेत्रलाई विशेष प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गरे।

पोखरा महानगरपालिका खेलकुद विकास समितिका अध्यक्ष दीपक बहादुर गोदारले महोत्सव असार ७ गतेसम्म सञ्चालन हुने जानकारी दिए। उनका अनुसार महोत्सवमा कुल ११ वटा खेल समावेश गरिएका छन्। तीमध्ये दुई वटा राष्ट्रियस्तरका प्रतियोगिता र पाँच वटा ग्रासरुट तहका खेल कार्यक्रम रहेका छन्। साथै ह्विलचियर बास्केटबल, बौद्धिक अपाङ्गता दौड, बोसिया तथा दृष्टिविहीन क्रिकेट जस्ता समावेशी खेलहरू पनि महोत्सवमा समेटिएका छन्।

कार्यक्रममा खेलकुद विकास समितिका सल्लाहकार तेजबहादुर गुरुङ, समितिका सदस्य पोषण बहादुर थापा लगायतले खेलकुदको विकास र समावेशी सहभागिताको महत्वबारे धारणा राखेका थिए। कार्यक्रमको सञ्चालन समितिका सदस्य सचिव सुरज अधिकारी ले गरेका थिए। महोत्सवअन्तर्गत दृष्टिविहीन क्रिकेट प्रतियोगिता सम्पन्न भइसकेको छ। यस प्रतियोगितामा टिम 'बी' विजेता तथा टिम 'ए' उपविजेता बनेका थिए। विजेता टोलीले २० हजार रुपैयाँ नगदसहित ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टोलीले १० हजार रुपैयाँ नगद, ट्रफी र प्रमाणपत्र प्राप्त गरेको छ।

यसैबीच, मार्सल आर्ट फेस्टिभल २०८३ अन्तर्गतको मुवाथाई प्रतियोगिताको समेत महानगर प्रमुख आचार्यले उद्घाटन गरेका छन्। सो अवसरमा अन्तर्राष्ट्रिय मुवाथाई प्रशिक्षक दीपक श्रेष्ठ लाई सम्मान गरिएको थियो।

उद्घाटन समारोहमा सांस्कृतिक नृत्य प्रस्तुतिले थप आकर्षण थपेको थियो। खेलकुद महोत्सवले खेलाडी, प्रशिक्षक तथा खेलप्रेमीलाई उत्साहित बनाएको आयोजकको भनाइ छ।

# शेर्पा समाजको रक्तदान, ४० युनिट रगत संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

शेर्पा समाज पोखराको आयोजनामा भएको रक्तदान कार्यक्रममा ४० युनिट रगत संकलन भएको छ।



सागादावाको अवसरमा शनिबार पोखरा महानगरपालिका-७, पुरानो विमानस्थल अगाडि रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो। पोखरा महानगरपालिका ७ का वडाध्यक्ष राममोहन आचार्यले रक्तदातालाई ब्लड ब्याग हस्तान्तरण गर्दै कार्यक्रमको शुभारम्भ गरिएको थियो।

सोही क्रममा बोल्दै वडाध्यक्ष आचार्यले सागादावालाई केवल धार्मिक पर्वका रूपमा मात्र नभई सामाजिक उत्तरदायित्वको प्रतीकका रूपमा मनाउनुपर्ने बताए। उनले रक्तदान कार्यक्रममार्फत मानव सेवा, सहयोग र परोपकारको सन्देश प्रवाह भएको बताए।

कार्यक्रममा सुन्दरमार्ग टोल विकास संस्थाका अध्यक्ष तुलबहादुर गुरुङ, पूर्वाञ्चल सेवा समाज कास्कीका अध्यक्ष बालकुमार लुइटेल, सन्दर्भ टोल विकास संस्थाका सल्लाहकार एवं अधिवक्ता रघुनाथ अधिकारी तथा समाजका कानुनी सल्लाहकार केशवराज बराललगायतले रक्तदान गर्नु पुण्यको कर्म भएकाले सबैले रक्तदान गरे रगत अभावमा कसैले पनि ज्यान गुमाउनुपर्ने अवस्था नआउने बताएका थिए।

समाजका अध्यक्ष राजेश शेर्पाले रक्तदान कार्यक्रममा सहभागी भएका रक्तदाता, स्वयंसेवक, स्वास्थ्यकर्मी तथा सहयोगी संस्थाप्रति आभार व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गरे। कार्यक्रम सञ्चालन समाजका सचिव दावा शेर्पाले गरेका थिए।

# वलश्रम विरुद्ध सामुदायिक सेवा केन्द्र बैदामको सचेतना प्रर्दशन

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

विश्व बालश्रम विरुद्धको दिवसको अवसरमा पोखराको लेकसाइडमा सचेतना मुलक कार्यक्रम गरेको छ।



सामुदायिक सेवा केन्द्र बैदामको आयोजना र अनाहत नेपाल सँगको सहकार्यमा कार्यक्रम भएको हो।

पोखरा ६ लेकसाईडको फेवाताल किनार पैदल मार्ग तथा खहरेचोक देखी बाराही चोक सम्म सचेतना मुलक प्रर्दशन गरे। लेकसिटी कलेजका विद्यार्थीहरूले समाचार, सन्देश, नारा, र प्रतीकात्मक रातो दागहरूको सेतो कपडा लगाएर प्रर्दशन गरेका थिए। उनीहरुले बालबालिकाको श्रम कहाँ शोषण हुन्छ, कसले शोषण गर्दछ र शोषण उजुरी गर्ने बारे सन्देश मुलक प्रर्दशन गरे।

कार्यक्रमलाई सम्बोधन गर्दै वडा प्रहरी कार्यालय बैदामका प्रमुख डिएसपी नमराज भट्टराईले बालबालिकालाई श्रममा लगाउन नहुने बताउदै आफुहरुले बेला बेलामा अनुगमन गर्ने गरेको बताए। उनले पोखरा पर्यटकीय क्षेत्र भएका कारण पोखरा भन्दा बाहिरबाट बालबालिकालाई ल्याएर बालश्रममा लागउने गरेको बताए। उनले बालबालिकालाई श्रममा तथा योनजन्य क्रियाकलापमा लगाउनेहरुलाई प्रहरीले कडा कार्वाही गर्दै आएको उल्लेख गरे। यस्ता कार्यक्रमले बालबालिकालाई श्रममा लगाउनेलाई निरुत्साहीत गर्ने उनको भनाई थियो।

बालबालिका माथी हुने शोषण विरुद्ध जनचेतना जगाउन यस्ता कार्याक्रमहरु सामुदायी सेवा केन्द्र बैदामले गर्दै आएको र आगामी दिनमा पनि आयोजना गर्ने केन्द्रका अध्यक्ष ठाकुर प्रसाद बराललले बताए। उनले पयटकीय क्षेत्र भएका कारण पनि लेकसाइडमा बालश्रमिक धेरै आउने र श्रमशोषणमा पर्ने गरेको बताए। सबैले बालबालिकाका क्षेत्रमा आवाज सशक्त बनाउन सके शोषणमा नपर्ने बताए।

# पार्टी शुद्धीकरण र पुनर्गठनका लागि एमालेले प्रदेशबाट सुझाव सङ्कलन थाल्यो

**रासस**
काठमाडौं, ३० जेठ

नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले पार्टी शुद्धीकरण, सुदृढीकरण, रूपान्तरण तथा पुनर्गठनका लागि गठन गरिएको कार्यदलमार्फत प्रदेशस्तरबाट सुझाव सङ्कलन सुरु गरेको छ।

गत फागुन २१ गते सम्पन्न स्थानीय तह उपनिर्वाचनको समीक्षा गर्दै पार्टी र जनताबीचको सम्बन्ध थप सुदृढ बनाउन आवश्यक रूपान्तरण तथा पुनर्गठनका विषयमा सुझाव सङ्कलन गर्न कार्यदल गठन गरिएको हो।

एमालेको केन्द्रीय प्रचार तथा प्रकाशन विभागका प्रमुख नीरज आचार्यका अनुसार कार्यदलले शनिबार बागमती प्रदेश सङ्गठन कमिटीको समन्वयमा काठमाडौँबाट सुझाव सङ्कलन अभियान सुरु गरेको हो। बागमती प्रदेश सङ्गठन कमिटीको बैठक शुक्रबारदेखि सुरु भएको र बैठकपछि सुझाव सङ्कलनका लागि भेला आयोजना गरिएको उहाँले जानकारी दिनुभयो।

गत जेठ १० गते सम्पन्न एमाले सचिवालयको आठौँ बैठकले उपाध्यक्ष रामबहादुर थापाको संयोजकत्वमा १५ सदस्यीय कार्यदल गठन गरेको थियो। जेठ २६ गते पार्टी अध्यक्ष केपी शर्मा ओलीको उपस्थितिमा भएको कार्यदलको पहिलो बैठकले प्रदेशस्तरमा सुझाव सङ्कलन गर्ने कार्यतालिका निर्धारण गरेको थियो। कार्यतालिकाअनुसार असार २ गते कोशी प्रदेश, असार ४ गते लुम्बिनी प्रदेश, असार ६ गते सुदूरपश्चिम प्रदेश, असार ८ गते कर्णाली प्रदेश, असार ११ गते गण्डकी प्रदेश, असार १३ गते मधेस प्रदेश तथा असार १६ गते राजधानी विशेष प्रदेश र असार १७ गते सम्पर्क समन्वय विशेष प्रदेशमा सुझाव सङ्कलन गरिनेछ। प्रदेशस्तरीय भेलामा सम्बन्धित भौगोलिक क्षेत्रका केन्द्रीय सदस्य, प्रदेश तथा जिल्ला तहका पदाधिकारी सहभागी हुनेछन्। कार्यदलले असार १८ गते जनसङ्ठन तथा असार १९ गते केन्द्रीय विभाग प्रमुख र विभिन्न निकायका पदाधिकारीसँग पनि सुझाव सङ्कलन गर्ने छ।

# राष्ट्रिय क्रिकेट खेलाडी तथा क्रिकेटकर्मी सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ

कास्की जिल्ला क्रिकेट संघले क्रिकेट क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएका राष्ट्रिय खेलाडी, प्रशिक्षक, अम्पायर, अफिसियल तथा मैदान कर्मचारीलाई सम्मान गरेको छ।

पोखरामा शनिबार आयोजित सङ्घको चौथो अधिवेशनका अवसरमा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा कास्कीको प्रतिनिधित्व गर्दै उत्कृष्ट प्रदर्शन गरेका खेलाडीलाई विभिन्न विधामा सम्मान तथा पुरस्कार प्रदान गरिएको हो। नेपाली राष्ट्रिय क्रिकेट टोलीसम्मको यात्रा तय गरेका पुरुषतर्फ अर्जुन कुमाल र महिलातर्फ रचना चौधरीलाई जनही रु १० हजार नगद, सम्मानपत्र तथा दोसल्लासहित सम्मान गरिएको छ। त्यसैगरी, नेपाल 'ए' पुरुष राष्ट्रिय टोलीका सदस्य विपिन खत्री तथा नेपाल अन्डर-१९ टोलीका खेलाडी सुभाष भण्डारी, सिब्रिन श्रेष्ठ र सोहेल कुँवरलाई प्रशंसापत्र, दोसल्ला र जनही रु सात हजार नगद प्रदान गरिएको हो। खेलाडी प्रोत्साहन पुरस्कारअन्तर्गत कृष्ण पौडेल, रोहित चन्द, यशोदा भुजेल र चन्द्रमाया बराल सम्मानित हुनुभयो। उहाँहरूलाई प्रमाणपत्र, माला तथा जनही रु पाँच हजार नगदसहित पुरस्कृत गरिएको थियो। कार्यक्रममा नेपाली महिला राष्ट्रिय टोलीका सहायक प्रशिक्षक रिजन प्रजू, अन्तरराष्ट्रिय अम्पायर सञ्जयकान्त सिग्देल तथा अन्तरराष्ट्रिय स्कोरर आशिष बराललाई अन्तरराष्ट्रिय अम्पायर/प्रशिक्षक सम्मान प्रदान गरिएको आयोजकले जनाएको छ। क्रिकेटको विकासमा योगदान पुर्याएका प्रशिक्षक ऋषिकेश शर्मा पौडेल, विधान श्रेष्ठ र विजय राउत तथा अम्पायर अर्जुन उपाध्याय र दुर्गा बहादुर चन्दलाई बधाई ज्ञापन गरिएको थियो। साथै, गण्डकी प्रदेश खेलकुद परिषद्को बोर्ड सदस्यमा नियुक्त भएका पूर्वखेलाडी रवीन्द्रबहादुर प्रजूलाई विशेष सम्मान गरिएको थियो।

उत्कृष्ट योगदान दिने मैदान कर्मचारीतर्फ क्युरेटर प्रदीप राउत, मैदान कर्मचारी सीता विक र माया विक सम्मानित हुनुभयो। प्रशिक्षकतर्फ दीपेश खत्री, विधान श्रेष्ठ, गोविन्द प्रधान र ऋषिकेश शर्मा पौडेललाई मायाको चिनो र मालासहित सम्मान गरिएको सङ्घका अध्यक्ष सञ्जयकान्त सिग्देलले जानकारी दिनुभयो।

कास्कीका प्रमुख जिल्ला अधिकारी कुमानसिंह गुरुङले कास्कीमा क्रिकेटको विकासमा खेलाडी, प्रशिक्षक, अम्पायर, अफिसियल तथा सहयोगीहरूको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा क्रिकेटलाई अझ व्यावसायिक, व्यवस्थित र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गर्नुभयो। सोही अवसरमा सङ्घले कास्कीको क्रिकेट विकास यात्रालाई समेटेर प्रकाशन गरेको विशेष स्मारिकाको समेत विमोचन गरेको थियो।

## सर्पको टोकाइबाट सुरक्षित हुन सावधानी अपनाऔं।

- राति हिंड्दा टर्च/बत्तीको प्रयोग गरौं,
- झाडी, घाँस र ढुंगामुनि हात हाल्दा सावधानी अपनाऔं,
- घर वरिपरि सफा राखौं र सर्प बस्ने ठाउँ हटाऔं,
- खेतबारी वा बगैंचामा काम गर्दा जुत्ता र लामा कपडा लगाऔं,
- प्रभावित अंग कम चल्ने गरी स्थिर राखौ,
- सर्पले टोकेमा झारफुकमा नलागी तुरुन्त नजिकको स्वास्थ्य संस्थामा जाऔं,
- अस्पतालमा सर्पदंश विरुद्दको उपचार उपलब्ध हुन्छ। समयमै उपचार भएमा सर्पदंश निको हुन्छ, ढिलाइ भएमा ज्यान जाने जोखिम बढ्छ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## अनिवार्य ...

प्रभावकारी अनुगमन, छात्रवृत्ति, दिवा खाजा, समावेशी शिक्षा तथा अपाङ्गता भएका र सीमान्तकृत बालबालिकाका लागि विशेष सहयोग कार्यक्रमलाई थप सुदृढ बनाउनुपर्नेमा जोड दिएका थिए।

नेपालको संविधानले आधार भूत शिक्षालाई नागरिकको मौलिक हकका रूपमा स्थापित गरेको छ। संविधानअनुसार कक्षा १ देखि ८ सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र कक्षा १२ सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था छ। तर संविधान जारी भएको एक दशक नजिक पुग्दासमेत उक्त व्यवस्था पूर्ण रूपमा व्यवहारमा कार्यान्वयन हुन नसकेको भन्दै सहभागीहरूले चिन्ता व्यक्त गरेका थिए। सरकारले दिगो विकास लक्ष्य र अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहलाई २ लाख ५० हजार रुपैयाँका दरले बजेट उपलब्ध गराएको छ। तथापि व्यवहारमा अझै विभिन्न शीर्षकमा शुल्क असुल्ने प्रवृत्ति कायम रहेको, संघ, प्रदेश र स्थानीय सरकारबीच प्रभावकारी समन्वयको अभाव तथा वित्तीय स्रोतको सीमितताका कारण कार्यान्वयन चुनौतीपूर्ण रहेको सहभागीहरूको निष्कर्ष थियो।

कार्यक्रमका सहभागीहरूले केवल ऐन र कार्ययोजना निर्माण गरेर मात्र नपुग्ने भन्दै तथ्याङ्क अद्यावधिक, प्रभावकारी अनुगमन, पर्याप्त लगानी तथा सार्वजनिक शिक्षाको गुणस्तर सुधारमार्फत मात्र २०८५ सम्ममा सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षाको संवैधानिक लक्ष्य हासिल गर्न सकिने बताएका छन्।

## नेपाल ...

नेपाली दूतावासले जनाएको छ। पूर्वउपसभामुख इन्दिरा राना मगर र नेपाली राजदूतावासकी कार्यवाहक राजदूत रोशन खनालले २९ चिनियाँ र २४ नेपाली आरोहीलाई सम्मानपत्र प्रदान गर्नुभएको थियो। नेपालका पर्वतीय पर्यटनको प्रवर्द्धन तथा नेपाली र चिनियाँ पर्वतारोहण तथा पर्यटन व्यवसायीबीच सहकार्य अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। त्यस अवसरमा चीनका लागि नेपालका कार्यवाहक राजदूत खनालले सगरमाथाको महत्व, साहसिक पर्यटनको भावना तथा विश्व पर्वतारोहण समुदायको केन्द्रका रूपमा नेपालको भूमिकाबारे प्रकाश पार्नुभयो। उहाँले यस्ता कार्यक्रमले नेपाल-चीन जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। प्रतिनिधिसभा सदस्य तथा सगरमाथा आरोही मिङ्मा ग्याबु शेर्पाले नेपाल-चीन पर्यटन सहकार्यलाई अझ गहिरो बनाउनुपर्ने आवश्यकता औँल्यउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। – गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# सुस्ताबासीको प्रतिरोधलाई सलाम !

नवलपरासी पश्चिमको सुस्ता गाउँपालिका- ५ थारू टोलमा प्रवेश गरेको भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोलीलाई स्थानीयवासीले प्रतिकार गरेर फर्काइदिएका छन्। एसएसबीको टोली शुक्रबार बिहान ७ बजे थारू टोलमा प्रवेश गरेपछि स्थानीयले होहल्ला गर्दै उनीहरूलाई भारतीय भूमितर्फ नै लखेटेका छन। नेपाली नागरिकले भारतीय सुरक्षाकर्मीलाई आफ्नै भूमिमा फर्कन भन्दै लखेटेको दृश्य सामाजिक सञ्जालमा छ।

प्रधानमन्त्री बालेन्द्र शाहले नेपालले पनि भारतको जमिन मिचेको छ भनेर प्रतिनिधिसभामा बोलेपछि सुस्तामा भारतीय सुरक्षा बलले नेपाली भूमि हडप्न आएको थियो। सुस्ताका जनताले धेरै पहिलेदेखि सिमाको रक्षाका लागि लड्दै आएका छन।देशको प्रधानमन्त्री र सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद र कार्यकर्ता नेपाल ले भारतको भूमि मिचेको ठाउँ खोज्न न्वारनदेखिको बल लगाइरहेको बेला सुस्ताबासीले देखाएको साहसले साशकलाई मुख छोप्नुपर्ने बनाएको छ।

नारायणी नदीमा निर्माण हुन लागेको तटबन्धको काम रोक्न एसएसबी यसअघि १७ जेठमा नेपाली भूमिमा प्रवेश गरेका थिए। शुक्रबार बिहान पुनः भारतीय सुरक्षाकर्मी नेपाली भूभागमा देखिएपछि खेतमा काम गरिरहेका स्थानीयले 'नेपाली भूमिमा किन प्रवेश गरेको ?' भन्दै आपत्ति जनाएका थिए। स्थानीय र भारतीय सुरक्षाकर्मीबिच केही समय सामान्य विवादसमेत भएको थियो। स्थानीयको प्रतिवादपछि भारतीय सुरक्षाकर्मी आफ्नो भूमितर्फ फर्किएका थिए। सुस्ताबासीको प्रतिरोधले गर्दा प्रधानमन्त्रीको अभिव्यक्तिले निराश नेपालीलाई जागरुक बनाएको छ।

पश्चिम नवलपरासीको नेपाल-भारत सीमामा कुल १६ वटा सीमास्तम्भ छन्। सनहीदेखि कुडियासम्म सीमास्तम्भ भए पनि सुस्ताको २४ किलोमिटर क्षेत्रमा कुनै पनि सीमास्तम्भ (पिलर) छैन। सीमास्तम्भ नभएका ठाउँमा खोला, रुख वा अन्य जैविक सिमानाको भर पर्नुपर्दा जोतभोगका विषयमा सीमावर्ती नागरिकबिच पटक-पटक विवाद हुँदै आएको छ। हाल नेपाल-भारतको यो विवादित भूमिमा एउटा सिमलको रुखलाई नै सीमास्तम्भका रूपमा मानिँदै आएको छ।

०२२ मा तत्कालीन राजा महेन्द्र शाहले नेपाल-भारत सिमानाको रक्षाका लागि भन्दै सुस्तामा केही भूपू सैनिक र आसपासका करिब चार सय परिवारको बस्ती बसालेका थिए। तर, ०३४ मा नारायणी नदीले धार परिवर्तन गरेर बस्तीलाई बगरमा परिणत गरिदिएपछि त्यहाँका नागरिक विस्थापित हुन पुगेका थिए। त्यसपछि भारतीय पक्षले लगातार नेपाली भूमि अतिक्रमण गर्ने र सीमास्तम्भ नभएको फाइदा उठाउँदै आएको छ।

सुस्ताको कुल क्षेत्रफल ४० हजार ९८० हेक्टर छ। जसमध्ये १४ हजार हेक्टर जमिन अतिक्रमणमा परेको छ भने १९ हजार ४८० हेक्टर क्षेत्रफललाई 'विवादित' भन्दै नेपालीलाई जोतभोग गर्न दिएको छैन। हाल सुस्तावासीले मात्र सात हजार पाँच सय हेक्टर क्षेत्रफलको भूमिमा मात्रै जोतभोग गर्दै आएका छन्। भारतले मिचेको भूमि खोजेर जोगाउनुपर्ने सरकार नै देशको अखण्डता जोगाउन लागि नपर्नु राष्ट्रघात हो।भारतीयले बारंबार गरेको अतिक्रमण विरुद्ध सम्पूर्ण जनताको जागरुकता र देशभक्ति भावनाले भूमि बचाउन सकिन्छ ।सुस्ताबासीको प्रतिरोधलाई सलाम !


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : स्वास्थ्यमा सुधार |
| वृष | : मानसिक तनाब | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : झमेला बढ्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शुभ यात्रा | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# ढोरपानमा ट्याक्टर दुर्घटना हुँदा चालकको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० जेठ

बागलुङमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ।

जिल्लाको ढोरपाटन नगरपालिका-५ प्याङखोलामा गए राति बोबाङदेखि सालझण्डी-ढोरपाटन सडकको वैकल्पिक मार्ग हुँदै बुर्तिबाङ बजार आउँदै गरेको ग१त ६९८० नम्बरको ट्याक्टर दुर्घटना भएको हो।

दुर्घटनामा ट्याक्टर चालक ढोरपाटन नगरपालिका-६ चामीदुवारका १८ वर्षीय आशिष घर्तीको मृत्यु भएको इलाका प्रहरी कार्यालय बुर्तिबाङका प्रमुख प्रहरी निरीक्षक तिलक मानन्धरले जानकारी दिनुभयो। ट्याक्टर सडकदेखि करिब ५० मिटर तल खसेको उहाँको भनाइ छ। चालकको शव भने दुर्घटनास्थलभन्दा ७० मिटर तल फेला परेको प्रहरी निरीक्षक मानन्धरले बताउनुभयो। मध्यरातमा दुर्घटना हुँदा उद्धारमा केही समस्या भएको थियो। अहिले शवलाई भिरबाट निकालिएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "दुर्घटना राति १ बजेतिर भएको हो, हामीलाई दुर्घटना भएको केही समयमै खबर आएको थियो, घटनास्थलमा पुगेर खोजतलास गर्दा एउटा शव फेला पऱ्यो, ट्याक्टरमा अरु पनि थिए की भन्ने हिसाबले खोज्यौँ तर एक जना चालक मात्रै हुनुहुँदोरैछ।" दुर्घटनाबारे थप अनुसन्धान भइरहेको मानन्धर बताउनुहुन्छ।

# छोरी जन्मिए प्रोत्साहन भत्ता !

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० जेठ

अन्नपूर्ण गाउँपालिकाले छोरी (शिशु) जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन गरेको छ।

छोरीप्रतिको सकारात्मक सोच विकास, लैङ्गिक समानता प्रवर्द्धन, बालिकाको भविष्य सुनिश्चित र गर्भमा लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्ने समस्या न्यूनीकरणका लागि छोरी जन्मिए प्रोत्साहन भत्ता दिने कार्यक्रम सुरु गरेको हो। अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष दिवाकुमारी तिलिजा पुनले चालु आर्थिक वर्षमा रु पाँच लाख बजेट विनियोजन भएको उक्त कार्यक्रममार्फत २०८२ साउनयता जन्मिएका छोरीका अभिभावकलाई रु १२ हजारका दरले प्रोत्साहन रकम वितरण गरिने जानकारी दिनुभयो। "छोरी जन्म प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरी बालिका जन्मप्रति समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उद्देश्य राखिएको छ", उहाँले भन्नुभयो, "छोरी जन्म प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार चालु आव २०८२/८३ मा विनियोजित बजेटमार्फत कार्यक्रम कार्यान्वयन थालिएको छ।"छोरी जन्मप्रति सकारात्मक सोच विकास गर्नुका साथै बालिकाको संरक्षण, शिक्षा र सशक्तीकरणमा टेवा पुऱ्याउनु रहेको जनाइएको छ।

सो कार्यक्रमअन्तर्गत २०८२ साल साउन १ गतेपछि जन्मिएका बालिकाका अभिभावक वा संरक्षकले असार ७ गतेसम्म आवेदन पेस गर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत कपिल पाण्डेले बताउनुभयो।

# अद्यावधिक छुटेका कांग्रेसका क्रियाशील सदस्यले असार २० गतेभित्र निवेदन दिन सक्ने

**रासस**
काठमाडौं, ३० जेठ

नेपाली कांग्रेसले क्रियाशील सदस्यता अद्यावधिक गर्न तोकिएको समयसीमाभित्र विविध कारणले वडाबाट नवीकरण र अद्यावधिक गर्न छुट भएका क्रियाशील सदस्यहरूले आगामी असार २० गतेभित्रमा निवेदन दिन सक्ने जनाएको छ।

कांग्रेस सदस्यता व्यवस्थापन केन्द्रीय समितिको आजको बैठकले छुटेका निरन्तरतासहित अद्यावधिक गर्न चाहने क्रियाशील सदस्यहरूले असार २० गतेभित्र केन्द्रीय कार्यालयमा निवेदन दिन सक्ने निर्णय गरेको हो। पार्टीका महामन्त्री एवं समितिका संयोजक प्रदीप पौडेलको अध्यक्षतामा बसेको बैठकले पार्टीको १५औँ महाधिवेशनका लागि सञ्चालन गरिएको क्रियाशील सदस्यता अद्यावधिक अभियानलाई सफल बनाउन सक्रिय रूपमा सहभागी हुनुहुने सबैप्रति धन्यवाद व्यक्त गरेको छ। कांग्रेसको क्रियाशील सदस्यता अद्यावधिक अभियानअन्तर्गत डिजिटल प्रणालीमा रहेका कुल सात लाख ८२ हजार २०९ क्रियाशील सदस्यहरूमध्ये यही जेठ २८ गते राति १२:०० बजेसम्म कुल छ लाख ८७ हजार ९३१ क्रियाशील सदस्यहरूको विवरण 'डिजिटल' प्रणालीमा प्रविष्ट भएको समितिले जनाएको छ।

यसरी 'अनलाइन'मार्फत प्रविष्ट भएका फाराम वडा तहबाट आगामी असार ५ गतेभित्र अनुमोदन गरिसक्न सदस्यता व्यवस्थापन केन्द्रीय समितिले निर्देश गरेको छ। तोकिएको समयसीमाभित्र वडा तहबाट अनुमोदन नभएमा विधानबमोजिम क्रियाशील सदस्यता प्राप्त गर्ने/नवीकरण गर्ने योग्य सदस्यहरूलाई केन्द्रले स्वतः अनुमोदन गर्ने व्यवस्था मिलाइने छ।

इन्टरनेटको पहुँच अति कम भएका उच्च हिमाली क्षेत्रका केही जिल्लाहरू, विकट पहाडी जिल्लाका केही पालिकाहरू तथा क्रियाशील सदस्यता अद्यावधिक ढिलाइ भएका बारा र खोटाङ जिल्लाका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने समय आगामी असार ७ गतेसम्म कायम गरिएको छ।

त्यस्तै कांग्रेससँग आबद्ध विदेशस्थित नेपाली जनसम्पर्क समितिहरूका हकमा क्रियाशील सदस्यता अद्यावधिक गर्ने कार्य आगामी असार १० गतेसम्म कायम गरिएको छ। साथै क्रियाशील फाराम तथा अनलाइनमार्फत नयाँ क्रियाशील सदस्यता वितरण कार्य असार २० गतेसम्मका लागि कायम गरिएको छ।

क्रियाशील सदस्यता नवीकरण गरी अद्यावधिक गरिएका र नयाँ क्रियाशील सदस्यता वितरण गर्दा शुल्क नबुझाएको भए त्यस्ता क्रियाशील सदस्यहरूलाई यथाशीघ्र शुल्क बुझाउन आग्रह गरिएको छ। तोकिएको शुल्क नबुझाउने क्रियाशील सदस्यले १५औँ महाधिवेशन प्रक्रियामा भाग लिन नपाउने समितिको निर्णय छ। विविध कारणले अद्यावधिक गर्न छुट हुन गएका वडाहरूले आफ्नो वडाभित्र क्रियाशील सदस्यता अद्यावधिक हुन बाँकी रहेका क्रियाशील सदस्यहरूको सङ्ख्या खुलाई सोको अद्यावधिकका लागि आवश्यक पर्ने समयावधि सात दिन नबढ्ने गरी केन्द्रीय कार्यालयको इमेलमा निवेदन दिन सकिने छ।

# बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको वृक्षारोपण कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ




बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको आयोजनामा त्रिलोकेश्वर शिव मन्दिर परिसर पोखरा २८ कालिकामा बृक्षारोपण कार्यक्रम गरिएको छ।

धार्मिक पर्यटकिय गन्तव्य त्रिलोकेश्वर शिव मन्दिर परिसर भित्र विभिन्न जातका फलफुल अन्य जातका विरुवा रोपिएको हो। बुद्ध विशाल बजार व्यापारिक एशोसियसनको आयोजना तथा त्रिलोकेश्वर शिव मन्दिर सेवा समितिको समन्वयमा मन्दिर पसिरमा बर, पिपल, सुमि, आँप, बेलपत्र, निम, अशोक, डुम्री, गुराँस, अमला, नारेश्वर, विभिन्न फलफुल तथा फुलहरूका विरूवाहरु रोपिएको थियो।

बृक्षारोपणकार्यक्रमकोशुभारम्भ गर्दै पोखरा महानगरपालिका २८ का वडा अध्यक्ष श्रीकृष्ण लामिछानेले बुद्ध विशाल बजार व्यापारिक एशोसियसन सामाजिक कार्यमा निकै सक्रिय रहेको र एशोसियसनको समाज प्रति ठुलो योगदान रहेको बताए। लामिछानेले मन्दिर परिसरमा बृक्षारोपण गर्नाले मन्दिरको सौन्दर्यतालाई झनै थप उजागर गर्ने बताउदै एशोसियसनसँग पोखरा २८ ले सहकार्य गरेर आगामी दिनहरुमा विभिन्न कार्यक्रम गर्न सकिने बताए। कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका मानार्थ सदस्य तथा सल्लाहकार केशव बहादुर खत्रीले एशोसियसनले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत शिक्षा, स्वास्थ्य लगायत क्षेत्रमा पनि विविध कार्यक्रम गर्दै आएको बताउदै मन्दिरमा रोपिएका विरुवाहरुको संरक्षणको लागी एशोसियसनको तर्फबाट सक्दो सयोग रहने बताए।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुँवरले एशोसियसनको वार्षिक कार्यक्रम अन्तरगत संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्दै पर्यावरण अन्तरगत यस वृक्षारोपण कार्यक्रम गरिएको बताउदै पोखरा २८ वासीलाई बुद्ध विशाल बजारमा आएर किनमेल गर्न समेत आग्रह गरे। कार्यक्रममा त्रिलोकेश्वर शिव मन्दिर सेवा समितिका सल्लाहकार राधिका पौडेल गाँउ सुधार समुहका कोषाध्यक्ष तथा बुद्धिजिवी माधव प्रसाद पौडेल लगाएतले बोलेका थिए।

बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका अध्यक्ष बुद्धि वहादुर कुँवरको अध्यक्षतामा भएको कार्यक्रममा एशोसियसनका उपाध्यक्ष तथा कार्यक्रम संयोजक मनोहरि पौडेलले स्वागत मन्तव्य राखेका थिए भने एशोसियसनका महासचिव थमन सिह गुरुङले कार्यक्रम सन्चालन गरेका थिए। कार्यक्रममा एशोसियसनद्धारा मन्दिर समितिलाई दुई थान डसविन हस्तान्त्रण गरिएको थियो। बृक्षारोपण कार्यक्रममा सम्पुर्ण गाँउवासीहरुको उपस्थीति रहेको थियो भने आवश्यक विरुवाहरु बन कार्यालय कास्कीबाट उपलब्ध गराईएको थियो।

# मन्टेश्वरी एसोसियसनको स्थापना दिवसमा कर्मचारी सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ




मन्टेश्वरी एसोसियसन कास्कीले ११ औं स्थापना दिवस बिभिन्न कार्यक्रम गरी मनाएको छ।

दिवसका अवसर पारेर शनिबार पोखरामा आयोजितकार्यक्रममाएसोसियसनले मन्टेश्वरी विद्यालयमा कार्यरत ४८ जना कर्मचारीलाई सम्मान गरेको हो ।नन टिचिङ तर्फका कर्मचारीलाई प्रोत्साहन स्वरुप सम्मान गरिएको एसोसियसनका कोषाध्यक्ष थिरबहादुर थापाले जानकारी दिए।

कार्यक्रमका प्रमुख अतिथि कवि एवं संस्कृतिविद् तीर्थ श्रेष्ठ र एसोसियसनका अध्यक्ष रिता पौडेलले सम्मानपत्र, सल र मायाको चिनोसहित सम्मान गरे। कार्यक्रममा बोल्दै कवि श्रेष्ठले ससाना बालबालिकाको सुनौलो भविष्यको शैक्षिक आधार नै मन्टेश्वरी भएको बताए। उनले यस किसिमको शिक्षाले विद्यार्थीमा सानै देखि आदर भावयुक्त शिक्षा ग्रहणको चाहानालाई प्रतिविम्वित गरेको बताए।

पोखरा महानगर शिक्षा महाशाखाका बरिष्ठ अधिकृत कृष्ण भण्डारीले कास्कीमा रहेका मन्टेश्वरीले बालबालिकाको शिक्षाप्रतिको लगावलाई बढाउने कार्य गरेको बताए। एसोसियसनका संस्थापक अध्यक्ष अरुणा शेरचनले स्थापनाकालिन समयको स्मरण गर्दै, नैतिक शिक्षाका सवालमा थप जिम्मेवार बन्नुपर्नेमा जोड दिईन्। एसोसियसन कास्कीका अध्यक्ष रिता पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा एन प्याब्सन, कास्कीका अध्यक्ष हेमन्त अधिकारी, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष जानुका पराजुली अधिकारी,बाल प्रभात स्कुलका प्रिन्सिपल डिल्लीराम अर्याललगायतले बालबालिकाको शैक्षिक वृद्धिमा मन्टेश्वरी विद्यालयको भुमिका महत्वपुर्ण रहेको भन्दै प्रशंसा गरे।

कार्यक्रम संयोजक मोहन त्रिपाठीले स्वागत मन्तव्य राखेको कार्यक्रमको संचालन सचिव अप्सरा अधिकारीले गरेकी थिईन्। २०७२ सालमा स्थापना भएको एसोसियसनमा ५८ वटा विद्यालय आवद्ध रहेका छन्।

# नागढुंगा आमा समूहको अभिमुखीकरण तथा प्रस्तावना लेखन तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, ३० जेठ




नागढुङ्गा आमा समूहको आयोजना तथा पोखरा महानगरपालिका वडा नम्बर ९ को आर्थिक सहयोगमा पोखराको नागढुंगामा एक दिने अभिमुखीकरण तथा प्रस्तावना लेखन सम्बन्धी तालिम सम्पन्न भएको छ।

तालिमको उद्घाटन गर्दै प्रमुख अतिथि वडा नम्बर ९ का सदस्य लक्ष्मी पहारीले महिलाहरूको व्यक्तित्व तथा नेतृत्व विकासका लागि वडाले विभिन्न तालिमहरूमा सहयोग प्रदान गर्दै आएको बताउनुभयो।

वडा सदस्य नन्दराम गिरीले तालिम लिएपछि समूहका सदस्यहरूमा आत्मविश्वास सँगै क्षमता अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो। आयोजक नागढुंगा आमा समूहका अध्यक्ष कमला श्रेष्ठले तालिमका लागि सहयोग उपलब्ध गराएकोमा वडा ९ कार्यालयप्रति आभार व्यक्त गर्नुभयो। समूहका उपाध्यक्ष सीमा लामिछानेले स्वागत मन्तव्य राख्दै तालिम एक दिनको मात्रै भएपनि समूहका लागि यो महत्वपूर्ण भएको औंल्याउनुभयो।

प्रशिक्षक दुर्गा अधिकारीले अभिमुखीकरण तथा प्रस्तावना लेखनका बारेमा विस्तृत जानकारी गराउँदै कुनै पनि कार्यक्रम आयोजनाका लागि प्रस्तावना लेखन महत्वपूर्ण हुने जनाउनुभयो।

समूहका सहसचिव पार्वती अधिकारीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो। तालिममा समूहमा आबद्ध झण्डै ४० जनाको सहभागिता रहेको थियो।

# तनहुँका सामुदायिक वनलाई रुद्राक्ष पकेट क्षेत्र बनाइँदै

पोखरापत्र संवाददाता
तनहुँ, ३० जेठ

तनहुँको शुक्लागण्डकी नगरपालिका–१० स्थित मालागिरी सामुदायिक वन र करादिन सामुदायिक वनमा रुद्राक्ष पकेट क्षेत्र बनाइने भएको छ।

अनुसन्धानको क्रममा रुद्राक्ष उत्पादनको लागि उपयुक्त वातावरण देखिएपछि यस स्थानका दुई सामुदायिक वनमा रुद्राक्ष रोपण गरिने भएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ।

यहाँको दुई सामुदायिक वनको तीन हेक्टर क्षेत्रफलमा पकेट क्षेत्रको रूपमा विकास गर्दै रुद्राक्ष रोपण गर्न लागिएको प्रमुख डिभिजन वन अधिकृत मनोज रानाभाटले जानकारी दिनुभयो । "ठूलो परिमाणमा तनहुँमा पहिलो पटक रुद्राक्ष रोपण गर्न लागिएको हो", उहाँले भन्नुभयो, "यस क्षेत्रको मागका साथै उत्पादन राम्रो हुने भएपछि पकेट क्षेत्रको रूपमा विकास गर्ने योजना बनाइएको छ ।" ती दुई सामुदायिक वनमा तीन हजार रुद्राक्षका बिरुवा रोपण गर्ने तयारी भइरहेको प्रमुख डिभिजन वन अधिकृत रानाभाटले बताउनुभयो । उहाँले भन्नुभयो, "रुद्राक्षको पकेट क्षेत्रको रूपमा विकास गर्दै उक्त सामुदायिक वनलाई धार्मिक वन बनाउने लक्ष्य पनि हो। हिन्दु धार्मालम्वीका लागि महत्वपूर्ण र यसबाट सामुदायिक वनले आयस्तर बढाउन सक्ने अवस्था बन्नेछ ।" जिल्लाका पहाडी भेगका सामुदायिक वनमा विगत केही वर्षयता परीक्षणका रूपमा रोपण गरिएको रुद्राक्ष सफल भएपछि योजनाबद्ध रूपमा विस्तारित गर्न लागिएको वन अधिकृत अरुण पराजुलीले बताउनुभयो । "प्रारम्भिक चरणमा दुवै वनमा रुद्राक्ष खेती विस्तार गर्ने लक्ष्य लिइएको छ भने क्रमशः अन्य वन उपयोगकर्ता समूहमा समेत कार्यक्रम लैजान तयारी भइरहेको छ", उहाँले भन्नुभयो। पूर्वी पहाडी जिल्लाबाट बिरुवा ल्याएर यहाँको वनमा रोपण गरिने उहाँले जानकारी दिनुभयो।

सामुदायिक वन उपभोक्ताका अनुसार रुद्राक्ष खेतीबाट वन संरक्षण र स्थानीय रूपमा आम्दानी दुवै बढ्ने अपेक्षा गरिएको डिभिजन वन कार्यालयले जनाएको छ । परम्परागत रूपमा दाउरा र घाँसमा निर्भर रहँदै आएको सामुदायिक वन व्यवस्थापनलाई अब आयमूलक वन उपज उत्पादनतर्फ मोड्न रुद्राक्ष सहायक बन्ने उपभोक्ताको अपेक्षा छ । रुद्राक्षको वृक्षले घना छायाँ र माटोको क्षय नियन्त्रणमा सहयोग गर्ने भएकाले सामुदायिक वन क्षेत्रको वातावरणीय सुधारमा समेत सकारात्मक प्रभाव पर्ने प्राविधिकले बताएका छन्। वन क्षेत्रभित्र नै रुद्राक्ष खेती विकास गर्न सकिने भएकाले जग्गा व्यवस्थापनमा चुनौती नरहने पराजुलीले बताउनुभयो । प्रारम्भिक वर्षमा सिँचाइ, मल तथा संरक्षणमा ध्यान दिनुपर्ने वन डिभिजन कार्यालयले जनाएको छ । स्थानीय तहले धार्मिक क्षेत्रमा रुद्राक्ष रोपण गर्दै आए पनि डिभिजन वन कार्यालयले पहिलो पटक ठूलो परिमाणमा रुद्राक्ष रोपणलाई प्राथमिकता दिएको छ । केही पालिकाले सामुदायिक वनमा नयाँ बिरुवा रोपिरहेका उपभोक्ता समूहलाई प्रोत्साहन, प्राविधिक तालिम र नर्सरी विकासका लागि तालिम दिने लक्ष्य रहेको कार्यालयले जनाएको छ।

हिन्दू धर्ममा पवित्र मानिने रुद्राक्षलाई भगवान शिवको प्रतिकका रूपमा लिइन्छ । यसको धार्मिक, आध्यात्मिक तथा स्वास्थ्यसम्बन्धी विभिन्न उपयोगिता रहेको विश्वास गरिन्छ। धार्मिक तथा आध्यात्मिक रूपमा माला बनाएर मन्त्र जप गर्न प्रयोग गरिन्छ। धार्मिक रूपमा मनलाई शान्त र एकाग्र बनाउन सहयोग गर्ने विश्वास छ । तनाव, चिन्ता र मानसिक अशान्ति कम गर्न मद्दत गर्ने विश्वास छ । आत्मविश्वास र सकारात्मक सोच बढाउन यसको उपयोगले सहयोग पुग्ने र स्मरण शक्ति सुधार गर्न प्रयोग गरिएको पाइन्छ। रक्तचाप (ब्लड प्रेसर) सन्तुलित राख्न सहयोग गर्ने परम्परागत विश्वास छ भने मुटुसम्बन्धी स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने र शरीरमा ऊर्जा सन्तुलन कायम राख्न मद्दत गर्ने विश्वास गरिन्छ । सांस्कृतिक तथा आर्थिक रूपमा नेपालको विशेषगरी पूर्वी पहाडी क्षेत्रमा रुद्राक्षको उत्पादन हुने भएकाले यसको आर्थिक महत्व रहेको छ । रुद्राक्ष धार्मिक पर्यटन र व्यापारसँग पनि जोडिएको छ। विभिन्न मुखी (१ मुखीदेखि २१ मुखीसम्म) रुद्राक्षको बजार मूल्य फरक-फरक रहेको पाइन्छ।

# स्याङ्जाको पुतलीबजार प्रज्ञा प्रतिष्ठानद्वारा तीन स्रष्टा सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ



पुतलीबजार प्रज्ञा प्रतिष्ठान, स्याङ्जाले कला, साहित्य तथा संगीत क्षेत्रको श्रीवृद्धिमा योगदान पुऱ्याएका तीन जना स्रष्टालाई सम्मान गरेको छ।

प्रतिष्ठानद्वारा आयोजित स्रष्टा सम्मान तथा कविता वाचन कार्यक्रममा साहित्यकार तथा कवि असफल गौतम, साहित्यिक स्रष्टा अनन्त कुमार श्रेष्ठ र लक्ष्मी रेग्मी खनाललाई जनही नगद २० हजार रुपैयाँसहित सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो।

पुतलीबजार नगरपालिकाको सभाहलमा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि पुतलीबजार नगरपालिकाका नगर प्रमुख तुलसीराम रेग्मी, प्रतिष्ठानका कुलपति विश्वप्रेम अधिकारी, उपकुलपति दुर्गाबहादुर शाह बाबा, तथा सदस्य सचिव बाबुराम बरालले सम्मानित व्यक्तित्वहरूलाई नगद, सम्मानपत्र तथा दोसल्ला प्रदान गरेका थिए।

सम्मान ग्रहण गर्दै साहित्यकार असफल गौतमले सम्मानले थप जिम्मेवारीबोध गराएको बताउँदै प्रतिष्ठानले आफूहरूप्रति व्यक्त गरेको विश्वासलाई जोगाइराख्न आजीवन सिर्जनात्मक यात्रामा निरन्तर लागिरहने प्रतिबद्धता व्यक्त गरे। उनले पछिल्लो पुस्ताका स्रष्टामाथि प्रतिष्ठानले राखेको भरोसाले साहित्यिक क्षेत्रमा थप ऊर्जा र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सम्मानित स्रष्टाहरूले आ-आफ्ना सिर्जना वाचन गरेका थिए भने सहभागी साहित्यप्रेमीहरूले साहित्य, कला र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा यस्ता कार्यक्रमले महत्वपूर्ण योगदान पुऱ्याउने धारणा राखेका थिए।

पुतलीबजार प्रज्ञा प्रतिष्ठानले हरेक वर्ष कला, साहित्य तथा संगीत क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने स्रष्टाहरूलाई सम्मान गर्दै आएको छ । प्रतिष्ठानले यस वर्ष पनि तीन फरक विधाका स्रष्टालाई सम्मान गर्दै सिर्जनशील व्यक्तित्वहरूको योगदानको उच्च कदर गरेको जनाएको छ।

# रोटरी क्लब अफ पोखरा अन्नपूर्णद्वारा विद्यालयलाई शैक्षिक समाग्री सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ



रोटरी क्लब अफ पोखरा अन्नपूर्णले पोखरा महानगरपालिका–३३ बागमारास्थित जनज्योति प्राथमिक विद्यालयलाई स्टेशनरी र खेलकुद सामग्री सहयोग गरेको छ।

क्लबले शुक्रवार विद्यालयमा एक कार्यक्रमको आयोजना गरेर कक्षा १ देखि ५ सम्म अध्ययनरत ३५ जना विद्यार्थीलाई उक्त शैक्षिक सामग्री सहयोग गरेको हो । कार्यक्रममा बोल्दै क्लबका अध्यक्ष सइन्द्रराज श्रेष्ठले स्वार्थभन्दा माथि उठेर समाज सेवामा लाग्नु रोटरीको मुख्य उद्देश्य रहेको उल्लेख गरे । उनले विभिन्न क्षेत्रमा सेवा गर्दै आएको क्लबले शिक्षाको क्षेत्रमा पनि योगदान गर्न पाएकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा समेत यस्ता सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा क्लबका उपाध्यक्ष निकेश कर्माचार्यले शिक्षा र खेलकुद दुवै बालबालिकाको समग्र विकासका महत्वपूर्ण आधार भएकाले आगामी दिनमा पनि यस्ता सामाजिक तथा शैक्षिक कार्यक्रमलाई निरन्तरता दिइने बताए । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र कुमार पौडेल, प्रधानाध्यापक नारायण प्रसाद आचार्य लगाएतले बोलेका थिए। कार्यक्रममा पूर्व अध्यक्षहरु ईश्वर प्रसाद कर्माचार्य,सुरेश ध्वजु,तोया बहादुर भट्टराई,पि.इ सरोज बराल, ए.जि बाबुराम बराल,सदस्य बबिन नेपाली लगाएतको सहभागिता रहेको थियो। क्लबका अध्यक्ष सइन्द्रराज श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव प्रेम भुजेलले गरेका हुन्।

# बाँदर आतङ्कका कारण खाद्यबालीको विकल्प रोज्दै किसान

पोखरापत्र संवाददाता
बागलुङ, ३० जेठ

बागलुङका किसानले बाँदर आतङ्कका कारण परम्परागत खेती गर्न छाडेका छन्।

बसाइँसराइका कारण गाउँघर सुनसान हुँदै गएपछि बाँदर आतङ्क बढेको हो। खेतबारीमा लगाएको मकै, गहुँ, कोदो, फापरलगायत फलफूल नष्ट गरिदिएपछि बाँदरले नष्ट नगर्ने खेती गर्न थालेका हुन् । किसानले खाद्यबालीको विकल्पमा अकबरे खुर्सानीको खेती गर्न थालेका छन्।

जिल्लाको काठेखोला गाउँपालिका–८ का किसान प्रेमप्रसाद कँडेलले मकै पाउन थालेदेखि बाँदरले नष्ट गर्न सुरु गर्ने भन्दै अहिले मकै नलगाएर अकबरे खुसानी लगाउन थालेको बताउनुभयो। अकबरे बाँदरले नष्ट गर्न नसक्ने उहाँको भनाइ छ। पहिलो पटक अकबरेखेती गर्न थालेको भन्दै अकबरेको बजार राम्रो भएको उहाँको भनाइ छ।

कँडेलले भन्नुभयो, "हामी त हैरानै भयौँ, बाँदरले बारीको मात्रै होइन घरको बार्दलीमै आएर अन्नबाली नष्ट गरिदिन्छ, अहिले त्यही भएर खाद्यबाली लगाउने ठाउँमा अकबरे लगाएको छु, अब गहुँ मकै लगाएर त भित्र्याउन नदिने भयो, बाँदर मार्न पाँदैन भन्छन्, बाँदरले हामीलाई त दिनु दुःख दिएको छ, केही विकल्प त खोज्नै पऱ्यो ।" बागलुङ नगरपालिका–११ रायडाँडामा पनि बाँदरले सताएपछि किसानले अकबरे र अदुवाखेती गर्न थालेको वडाध्यक्ष ज्ञानेन्द्र गौतमले बताउनुभयो । उहाँका अनुसार गाउँको विभिन्न स्थानमा यस वर्ष यहाँ ४० हजार अकबरेका बिरुवा रोपिएको छ । बाँदरका कारण किसान ठूलो मर्कामा परेको भन्दै यसको नियन्त्रणका लागि योजना बनाइ रहेको उहाँको भनाइ।

"बाँदरले धेरै दुःख दिएपछि यस वर्ष अकबरेखेती गर्न सुरुआत गरेका छौँ, किसानले बारीमा अकबरे लगाउनुभएको छ, यो परीक्षण पनि हो", अध्यक्ष गौतमले भन्नुभयो, "राम्रो भयो भने आगामी वर्षदेखि वडाभरी अकबरे लगाउँछौँ, यस खेतीले किसानलाई केही राहत दिन्छ कि भन्ने अपेक्षा लिएका छौँ।" खाद्यबाली बाँदरले नष्ट गरेपछि तरकारीखेतीतर्फ लागेको स्थानीय तमबहादुर थापाले बताउनुभयो । तरकारी बाँकी नराख्ने हुँदा यसपाली अकबरे लगाएको उहाँको भनाइ छ । सरकारले बाँदर नियन्त्रण गर्न नीति नलिए किसानले राम्रो उत्पादन गर्न नसक्ने थापा बताउनुहुन्छ।

यस वर्ष रायडाँडामा पहिलो चरणमा यहाँका ७५ जना किसान अकबरे खुर्सानी उत्पादनमा लागेका छन्। चालिस हजारको बीउ ल्याएर ४० हजार बिरुवा उत्पादन गरिएको । यो योजना सफल भएमा बाँदरको आतङ्क भएका अन्य गाउँमा पनि अकबरेखेती गर्न सकिनेछ।

# आश्रय अभियान नेपालद्वारा कृष्ण प्रणामी वृन्दावन धाममा भोजन सहयोग

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ



आश्रय अभियान नेपालले पोखरा २७ स्थित कृष्ण प्रणामी वृन्दावन धाममा भोजन सहयोग गरेको छ।

समूहका अध्यक्ष मायादेवी शर्मा गीताले धामका प्रमुख विष्णु वशिष्ठ महाराजलाई भोजन खर्चवापत १० हजार रुपैयाँ हस्तान्तरण गर्नुभयो। सहयोग प्रदान गर्दै अध्यक्ष लामिछानेले मानिस शारीरिक रुपबाट मात्र नभइ मानसिक रूपमा पनि खुसी रहन यस्तो कार्यक्रमबाट मद्दत पुग्ने बताउनुभयो । उहाँले आफ्नो समूहले विगतका वर्षहरूमा पनि उक्त धामका लागि सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोगलाई निरन्तरता प्रदान गरिने बताउनुभयो। सहयोग रकम बुझ्दै धामका प्रमुख विष्णु वशिष्ठले समूहको यो सहयोग आफ्नो संस्थाको लागि महत्वपूर्ण सहयोग भएको औल्याउनुभयो । अन्य संस्थाबाट पनि यस किसिमको सहयोग प्राप्त भए त्यहाँ आश्रित बालबालिका साथै धामलाई पनि सहज हुने उहाँको भनाइ थियो।

समितिका उपाध्यक्ष डा. कृष्णराज अधिकारीले आश्रय अभियान मार्फत सामाजिक क्षेत्रमा विभिन्न किसिमका सहयोग कार्यक्रमहरू सञ्चालन गरिँदै आएको बारे प्रकाश पार्नुभयो।

आयोजक समितिका सचिव कृष्णप्रसाद ढुङ्गानाले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । सहयोग समारोहमा धाममा रहेका बालबालिकाहरूले सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए।

# एन प्याब्सन कास्कीको तेस्रो विद्यालय स्तरीय बुद्धिचाल प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ३० जेठ

नेसनल प्याब्सन कास्कीले आयोजना गरेको तेस्रो विद्यालय स्तरीय बुद्धिचाल प्रतियोगित सम्पन्न भएको छ।

विद्यार्थीका अन्तरनिहितप्रतिभा प्रस्तफुटन गर्ने उद्देश्यले आयोजना गरिएको उक्त प्रतियोगितामा एन प्याब्सनमा आवद्ध विद्यालयबाट छात्र तर्फ ३३ र छात्रा तर्फ २८ जनाको सहभागिता रहेको थियो। प्रतियोगितामा छात्र तर्फ साइनड स्टार वोर्डिङ स्कुलकाशिशिर पौडेल प्रथम, लाविन रेसिडेन्सीयल स्कुलका एरोन तिमिल्सिना द्वितीय तथा गण्डकी एकेडेमीकास्कीका संयोग न्यौपाने र नेशनलक्रियशन एकेडेमीकाकुशल श्रिमाली तृतीय





भए। त्यसैगरी छात्रा तर्फगण्डकी एकेडेमीकास्कीकी सृष्टि न्यौपाने प्रथम, ज्ञानज्योति विद्याकुञ्ज माविकी जेशिका गुरुङ द्वितीय तथा कास्की मोडनाइड्स एकेडेमीकी ग्रिष्मा सापकोटा र न्यू ग्यालेक्सी सेकेण्डरी स्कुलकी स्वच्छा प्रधान तृतीय भए । विजय विद्यार्थी तथा विद्यालयलाई पुरस्कार प्रदानगरिएको थियो। कार्यक्रममा चिफ आरवेटर नरेन्द्र रानाभाट, डेपुटी आरवेटर सागर शाही, आरवेटर शुशिल सुवेदी र विमलेस नाल्मीले सहजिकरण गरेका थिए । यस अघि कार्यक्रममा बोल्दै प्रमुख अतिथि पोखरा महानगर पालिका शिक्षा महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले विद्यार्थीको बौद्धिक क्षमताको मुल्याङ्कनगर्न यो प्रतियोगिता फलदायि भएको बताए। हिसान कास्कीका अध्यक्ष दिवाकर जैसीले विद्यार्थीका अन्तर निहित प्रतिभा प्रस्फुटन गर्न यो प्रतियोगिता कोषेढुंगा सावित हुने बताए । मन्टेश्वरी एशोसियसन कास्कीकी अध्यक्ष रितु पौडेलले एनप्याब्सनका हरेक गतिविधि उत्कृष्ट रहेको बताइन् । युनिप्स नेपालका केन्द्रीय उपाध्यक्ष विनोद नेपालीले विद्यार्थीको बौद्धिकतालाई तिखार्ने काम यस प्रतियोगिताले गरेको बताए। नेसनल प्याब्सन कास्कीका अध्यक्ष हेमन्त अधिकारीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन कार्यक्रम संयोजक तथा कार्यसमिति सदस्य शिवराज पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए।

# अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् गर्ने सवारीसाधान नियन्त्रणमा

पोखरापत्र संवाददाता
बागलुङ, ३० जेठ

जिल्ला प्रहरी कार्यालयले कालीगण्डकी नदीबाट अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन् र ओसार पसार गर्ने सवारीसाधन नियन्त्रणमा लिएको छ। प्रहरीले नदी आसपास र विभिन्न सडकखण्डमा चाँच गर्दा पाँच वटा सवारीसाधन नियन्त्रणमा लिएको हो।

अवैध रूपमा बालुवा उत्खनन् गरी ढुवानी गर्दै गरेको अवस्थामा प्रहरीले दुई वटा टिपर र तीन वटा ट्याक्टर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रामेश्वर त्वातीले जानकारी दिनुभयो। उहाँका अनुसार ती सवार ीसाधन बागलुङ नगरपालिका–१ मालढुङ्गाबाट नियन्त्रणमा लिइएको हो । नियन्त्रणमा लिइएका सावार ीसाधनलाई कारबाहीका लागि बागलुङ नगरपालिकामा पठाएको प्रहरी नायब उपरीक्षक त्वातीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "सवारी चेकजाँचका क्रममा अवैध रूपमा उत्खनन् गरी ओसारपसार गरिरहेका सवार ीसाधनलाई नियन्त्रणमा लिएका छौँ । ती सवारीलाई नगरपालिकाले जरिवाना गर्नेछ। प्रहरीले ठाउँठाउँमा पाँच गर्दै आएको छ, अवैध भएको थाहा पाउँनासाथ नियन्त्रण लिन्छौँ।"

# विश्वकप आयोजक अमेरिकाको उत्कृष्ट जित

रासस
काठमाडौं, ३० जेठ

तीन राष्ट्रमा आयोजना भइरहेको विश्वकप फुटवल प्रतियोगिताअन्तर्गत अमेरिकामा आजदेखि सुरुआत भएको समूह डी को खेलमा घरेलु टोली अमेरिकाले पाराग्वेलाई पराजित गर्दै प्रतियोतिमा सुखद सुरुआत गरेको छ।

अमेरिकाको लस एन्जलस स्टेडियममा आज भएको खेलमा अमेरिकाले पाराग्वेलाई ४-१ गोलअन्तरले पराजित गर्दै आफ्नो उद्घाटन खेलमा सुखद सुरुआत गरेको हो।

अमेरिकाको जितमा डेमियन बोबाडिल्लाले खेलको सात मिनेटमै आत्मघाती गोलमार्फत अमेरिकालाई पहिलो अग्रता दिलाए। स्टन म्याकेनीले गरेको प्रहार रोक्न खोज्दा पाराग्वेका खेलाडी बोबाडिल्लाले प्रहार गरेको बल आफ्नो गोलपोष्टमा प्रवेश गरेपछि अमेरिकाले पहिलो अग्रता लिएको हो । त्यसपछि खेलको ३९औँ मिनेटमा अमेरिकाका फोलारिन बालोगुनले गोल गर्दै अमेरिकालाई दोस्रो अग्रता दिलाए। त्यस्तै खेलको पहिलो हाफको अतिरिक्त समयमा फोलिरिनले नै टोलीलाई तेस्रो तथा व्यक्तिगत दोस्रो गोल गरे । खेलको ७३औँ मिनेटमा पाराग्वेका मौरिसियोले एक सान्त्वना गोल फर्काए। त्यसपछि खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा अमेरिकाका जियोभानी रेयनाले गोल गर्दै आफ्नो टोलीको जित सुनिश्चित गरे। यसजितसँगै समूह डी मा रहेको अमेरिकाले शीर्ष तीन अक बटुलेको छ । समूह डी मा अमेरिकासँगै पाराग्वे, अस्ट्रेलिया र टर्की छन्।